# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ७ गते २०३६ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

नारायणी अञ्चलाधीश कार्यालयको सहायक अञ्चलाधीश श्री हरिभक्त रञ्जितकारलाई जिल्ला कार्यालय चितवनको प्रमुख जिल्ला अधिकारीको पदमा र जिल्ला कार्यालय चितवनका प्र. जि. अ. श्री ईश्वरचन्द्र शर्मालाई नारायणी अञ्चलाधीश कार्यालयको सहायक अञ्चलाधीश पदमा मिति २०३५।१२।१३ देखि काज खटाइएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जिल्ला कार्यालय, ताप्लेजुङको प्र. जि. अ. श्री बद्रीनाथ शर्मा पौडेल घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री दीनानाथ दहाललाई मिति २०३५।१२।१७ देखि का. मु. मुकरर गरेको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय धादिङका प्र. जि. अ. श्री बाबुराम पौडेललाई जिल्ला कार्यालय चितवनको प्रमुख जिल्ला अधिकारीको पदमा र जिल्ला कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरचन्द्र शर्मालाई जिल्ला कार्यालय धादिङको प्रमुख जिल्ला अधिकारीको पदमा मिति २०३६।१।१० देखि काज खटाइएको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

६८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।